# मागदावी निवेदन पेश गर्न सहजताको लागी एकपटक अध्ययन गर्नुहोस।

- एक व्यक्तीको एउटामात्र आवेदन दिन सकिने भएकोले आफुसंग भएको सबै प्रकारको सबै बचतको विवरण एकै आवेदनमा पेश गर्नुपर्नेछ ।
- अनलाईन आवेदन दिनको लागी मागदाविकर्ताले आफूले कारोबार (खाता रहेको) सहकारी र शाखा छनौट गर्नु होस् ।
- सम्पूर्ण विवरण पछि सम्म फरक नपर्ने गरि भर्नुहोस् ।
- मोबाईल नम्बरको आधारमा तपाइको निवेदनको स्थिति जाँच गर्न सकिने भएकोले सम्बन्धित व्यक्तिकै मोबाईल नम्बर अनिवार्य राख्नुहोस् ।
- मागदाविकर्ताको बैंक खाताको विवरण (सहकारीको खाता होईन) पछि आफ्नो बचत फिर्ता लिने प्रयोजनको लागि भएकोले एकिन साथ भर्नुहोस्।
- यस अगाडी पनी समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा मागदावी निवेदन दर्ता गर्नु भएको छ भने अनिवार्य विवरण भर्नुहोस् ।(*ओरिण्टल कोअपरेटिभ लि बाहेक अन्यको* हकमा विवरण भर्नु नपर्ने)
- व्यक्तिगत विवरण भर्ने पृष्ठमा सम्पूर्ण विवरण भरिसकेपछि मात्र दोस्रोपृष्ठ 'मागदावी विवरण भर्ने' मा जानुहोस्।
- समूह छनौट गर्दा आफूसङ्ग सम्बन्धित समूह मात्र छनौट गर्नु होला । असम्बन्धित समूह छनौट गर्दा तपाइलाई थप कागजात/प्रमाण अनिवार्य हुने भएकोले निवेदन प्रकृया अगाडि बढ्दैन । (जस्तै वचत मागदावी कर्ताले वचतकर्ता मात्र, शेयर मागदावी कर्ताले शेयर सदस्यमा मात्र र दुवै समूहमा पर्नेले दुवै छनौट गर्नु होला।)
- बचत रकमको अन्तिम बचत मौज्दात रकम भनेको बचत पासबुकमा लेखिएको अन्तिम संचित रकम हो र यसै संचित रकम संग सम्बन्धीत मिति मौज्दातको मिति हो ।
- मागदाविकर्ता एकै व्यक्तिको एकै प्रकारको एकभन्दा बढी खाता भएमा Add(+) क्लिक गरी भर्न सकिन्छ । तर Add(+) गरिसकेपछी खाली नै राखि अगाडी वढ्न सकिदैन ।
- ब्याजदर उल्लेख गर्दा पासबुक/ मुद्दती बचत प्रमाणपत्रमा भएको व्याजदर भर्नुहोस् ।

- संलग्न गर्नु पर्ने कागजात एक भन्दा बढी भएमा PDF मा मर्ज गरी एउटै फाइलको रूपमा संलग्न गर्नु होला ।
- मागदावि पुष्टि हुने कागजात अपलोड गर्दा 1 MB भन्दा सानो साइजको JPG, JPEG, PNG वा PDF फर्म्याटमा कागजात मात्रै अपलोड गर्नुहोस् । एकभन्दा बढी कागजात भएमा सबै कागजात मर्ज गरी PDF फर्म्याटको एउटै फाइलमा अपलोड गर्नु होला ।
- बचत रकम जम्मा गरेको निस्सा (पासबुक) अपलोड गर्दा बचतकर्ताको नाम थर विवरण खुल्ने पहिलो पृष्ट र मौज्दात विवरण देखिने पछिल्लो पृष्ट स्क्यानकपी अपलोड गर्नुहोस।
- मागदाविकर्ताले आफ्नो हस्ताक्षर वा औंठाछाप सेतो सादा कागजमा गरी स्क्यान/ तस्विर अपलोड गर्नुहोला ।
- संयुक्त नाममा खाता खोलेका बचतकर्ताहरुले नाम उल्लेख गर्ने ठाँउमा खातामा उल्लेख भएबमोजिमका नामहरु लेख्नुहोस। अन्य विवरण पहिलो नामवालाको भर्नुहोस।
- वचतकर्ताको मृत्यु भैसकेको मागदावीको लागी सवै विवरण बचतकर्ताकै भरी बैंक खाताको विवरणमा हकवाला, अन्य मागदावी पुष्टी हुने कागजात अपलोड गर्नुहोस भन्ने ठाँउमा हकवाला / नाता प्रमाणीत खुल्ने कागजात र हस्ताक्षर हकवालाको अपलोड गर्नुहोला ।